जि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९

स.नि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३१ अंक २६९ २०७९ साल जेठ २० गते शुक्रबार (3 June 2022 Friday) मूल्य रु. ५/-

डढेलो नियन्त्रण गरौं, बातावरण जोगाऔं।

डढेलोले,
- वनमात्र नभई जैविक विविधता र सम्पदा पनि नष्ट गर्दछ,
- वातावरणीय प्रदूषण बढाउँछ,
- बाढीपहिरो तथा भूक्षय बढाउँछ,
- पानीको मूल सुकाउँछ,

त्यसैले, वन पैदावारको संकलन तथा खेती किसानी गर्दा आगोको प्रयोग गर्दा सावधानी अपनाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

**Log in : rajbirajdainik.com.np**

*यस अंक भित्र :* २ पृष्ठमा : बजेटमा सिँचाइ : हरेक वर्ष उही. ३ पृष्ठमा : आगामी आवको बजेट क्रार्यक्रम धेरै,.. ३ पृष्ठमा : अमेरिकामा फेरि अर्को..

## महिला वडा सदस्यद्वारा वडा अध्यक्षमाथी चप्पल प्रहार

**दैनिक समाचारदाता**
**राजविराज, १९ जेठ ।**

सप्तरीको बलान बिहुल गाउँपालिकाका नवनिर्वाचित वडा अध्यक्षमाथी एक महिला वडा सदस्यले चप्पल प्रहार गर्नुका साथै गाली गलौज गरेकी छिन् ।

उक्त गाउँपालिकाको वडा नं. ४ का अध्यक्ष लक्ष्मी नारायण झा माथी वडा नं. २ की महिला सदस्य उर्मिला देवी साहले बिहीबार चप्पल प्रहार गर्नुका साथै गाली गलौज गरेकी हुन् ।

घटनापश्चात् महिला वडा सदस्य साहलाई इलाका प्रहरी कार्यालय कडोरबोनाले नियन्त्रणमा लिएको छ ।

जिल्ला प्रहरी कार्यालय सप्तरीका डिएसपी माधवप्रसाद काफ्लेले दुबै जनप्रतिनिधिबीच विवाद भई स्थिति तनावपूर्ण बन्दै गएपछि अनुसन्धानका लागि महिला वडा सदस्य साहलाई नियन्त्रणमा लिई आवश्यक सोधपुछ भइरहेको जानकारी दिएका छन् ।




यता महिला वडा सदस्य साहलाई प्रहरीले नियन्त्रणमा लिई सोधपुछ गर्दा सोही गाउँपालिका वडा नं. ५ का अध्यक्ष बिन्देश्वर यादव र वडा नं. ६ का अध्यक्ष सूर्यकुमार दासको उक्साहटमा आफूले वडा नं. ४ का अध्यक्ष झामाथी चप्पल प्रहार गरेको प्रहरीलाई उद्धृत गर्दै गाउँपालिका अध्यक्ष खेमचन्द यादवले राजविराज दैनिकलाई जानकारी दिएका छन् ।

सोही बयानका आधारमा वडा नं. ६ का अध्यक्ष दासलाई समेत प्रहरीले नियन्त्रणमा लिएको तथा वडा नं. ५ का अध्यक्ष यादव फरार रहेको गाउँपालिका अध्यक्ष खेमचन्दको भनाई छ ।

वडा अध्यक्ष झा काँग्रेसबाट निर्वाचित भएका हुन् भने चप्पल हिर्काउने भनिएकी महिला एमालेबाट वडा २ को सदस्य पदमा निर्वाचित भएकी हुन् । यस्तै वडा नं. ५ का अध्यक्ष यादव जसपा तथा वडा नं. ६ का अध्यक्ष एमालेबाट निर्वाचित जनप्रतिनिधी हुन् ।

स्थानिय बासिन्दाका अनुसार सो घटना गाउँपालिकाको सदस्य मनोनित गर्ने विषयमा भएको बताएका छन् ।

## बाढी नियन्त्रणका नाममा वर्षेणी करोडौं रुपैयाँ खर्च तर, सफलता शून्य



**दैनिक समाचारदाता**
**राजविराज, १९ जेठ ।**

कोशी पीडित समाजले "प्रभावकारी रुपमा मनसुन पूर्व सूचना प्रवाहका लागि विगतको अनुभव र आगामी कार्य योजना" विषयमा जिल्लास्थित सूचना प्रदायकहरुबीचको समन्वय बैठक बिहीबार सम्पन्न गरेको छ ।

यस वर्ष विगतको तुलनामा भारि वर्षा हुने र यसले जनधनको बढी क्षति पुऱ्याउने अनुमान व्यक्त गरिरहेका बेला सो संस्थाले क्षति न्युनिकरणका लागि सचेतनाको प्रयास थालेका हो ।

कार्यक्रममा कोशी पीडित समाजका कार्यकारी निर्देशक देवनारायण यादवले सप्तरीमा बाढीले वर्षेणी ठूलो क्षति हुने गरेको र बाढी नियन्त्रणका नाममा वर्षेणी करोडौं रुँपैया नदी नियन्त्रण र तटबन्ध निर्माणका नाममा खर्च गर्ने गर्दा पनि वर्षायाममा जिल्लाका अधिकांश भू-भाग डुवानमा पर्ने र जनधनको ठूलो क्षति हुने क्रममा नरोकिएको बताएका छन् ।

उनले यसको ठोस समाधान र क्षति न्युनिकरणका लागि विपद् आउनु पूर्व नै सम्बन्धीत सबै निकाय र सरोकारवालालाई "हाई अलर्ट" गराउन पनि कार्यक्रमको आयोजना गरेको बताए ।

बाढी आउनु पूर्व चरणबद्ध रुपमा के के गर्नु पर्ने हो ? यसका लागि के के पूर्व तयारी गरिएको छ ? भन्ने बारे रायसुझाव संकलन समेत गर्ने उद्देश्यले कार्यक्रम आयोजना गरिएको संस्थाद्वारा संचालित सक्षम परियोजनाका कार्यक्रम संयोजक श्रवण चौधरीले बताए ।

कार्यक्रमका प्रमुख अतिथि जिल्ला विपद् व्यवस्थापन समितिका अध्यक्ष समेत रहेका प्रमुख जिल्ला अधिकारी जानर्दन गौतमले वर्षेणी आउने बाढी समस्या समाधानका लागि स्थानिय प्रशासन गम्भिर रहेको बताए ।

उनले प्रशासनको एक्लैको प्रयासले बाढी नियन्त्रण र क्षति न्युनिकरण सम्भव नरहेकोले यसका लागि स्थानिय सरकार भनिएका स्थानिय तह, गैसस, रेडक्रस, पत्रकार लगायत सबै तह र सचेत नागरिकको सहयोग आवश्यक रहेको प्रस्ट पारे । नदीको बहाव रोक्न नमिल्ने तर्क प्रस्तुत गर्दै तटिय क्षेत्रमा जथाभावी बस्ने गरेका व्यक्तिलाई समयमै अर्को स्थानमा व्यवस्थापन गर्नु पर्ने र यस कार्यमा जनप्रतिनिधि समेतले सघाउनु पर्नेमा उनको जोड थियो ।

पत्रकार महासंघ सप्तरीका सभापति श्रवण देवले सर्वसाधारणलाई बाढीबाट जोगाउन र क्षति न्युनिकरण गर्न संचारकर्मीले आफ्नो ठाउँबाट महत्वपूर्ण भूमिका खेल्ने गरेको बताए । प्राकृतिक विपद्को सामना

***बाँकी दुई पृष्ठमा***

## पौडी खेल्न खोज्दा एकको ज्यान गयो

**दैनिक समाचारदाता**
**राजविराज, १९ जेठ ।**

त्रियुगा नदीमा पौडी खेल्न गएका तीन जना मध्ये एक जनाको डबेर ज्यान गएको छ ।

तीन जना साथीसहित हामफालेर पौडी खेल्न खोज्दा उदयपुरको बेलका नगरपालिका ४ रामपुर लालसिस्वाका ३२ वर्षिय प्रविण खत्रीको ज्यान गएको हो ।

पौडी खेल्न हामफालेको स्थलबाट करिब ३ सय मिटर पूर्व उनको मृत शरीर फेला परेको जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रवक्ता एवं डिएसपी माधवप्रसाद काफ्लेले जानकारी दिए ।

पौडी खेल्न आफूहरुसँगै हामफालेका खत्री वेपत्ता भएपछि उनकै साथीहरुले प्रहरीलाई खबर गरेका थिए ।

सप्तरीको सप्तकोशी नगरपालिका फत्तेपुरस्थित प्रहरी चौकीका प्रहरी, सशस्त्र प्रहरी र स्थानियवासीको सहयोगमा खोजतलास गर्दा दुई घण्टाको प्रयासपछि उनको शव फेला परेको तथा घटना बारे थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

## कोसीमा हाम फालेका व्यक्तिको उद्धार

**दैनिक समाचारदाता**
**राजविराज, १९ जेठ ।**

सप्तकोसी नदीमा हाम फालेका एक युवकको सशस्त्र प्रहरीले उद्धार गरेको छ ।

सप्तकोसी नदीमा हाम फालेका झापाको कमल गाउँपालिका ५ का ४१ वर्षीय बुधुन्द्रप्रसाद लिम्बूको उद्धार गरिएको हो ।

उनलाई तत्कालै सशस्त्र प्रहरी बल, नेपाल सुरक्षा बेस भारदहबाट खटिएको वरिष्ठ हबल्दार उद्धवप्रसाद चौलागाईँ नेतृत्वको टोलीले स्थानीयको सहयोगमा उद्धार गरेको हो ।

सप्तरीको हनुमाननगर कंकालिनी नगरपालिका १ स्थित कोशी नदीमा हाम फालेका लिम्बुलाई उद्धार गरि सम्झाइबुझाइ घरतर्फ पठाइएको सशस्त्र प्रहरी उपरीक्षक प्रदीप खड्काले जानकारी दिएका छन् ।

जनज्योती कृषि सहकारीमा सदस्यता किन ...?

नीति, कार्यविधि र सुशासनमा चलेको संस्था
रणनीतिक योजना एवं लक्ष्य र उद्देश्यका आधारमा संचालित संस्था ।
आर्थिक समृद्धिका विभिन्न अवसरहरु भएको संस्था ।
विभिन्न घटना एवं दुर्घटनामा सुरक्षाको प्रत्याभुती गर्ने संस्था ।
प्रभावकारी व्यवस्थापन र सुशासनका लागि राष्ट्रिय सहकारी बैंकको राष्ट्रिय स्तरको care कार्यक्रममा आवद्ध संस्था ।
नेतृत्व विकासका लागि प्रसस्त अवसरहरु भएको संस्था ।
उद्यमशिलता विकासका लागि विभिन्न कार्यक्रमहरु भएको संस्था ।
सामाजिक उत्तरदायित्व वहन गर्ने संस्था ।
सहकारी अभियानमा राष्ट्रिय तहको नेतृत्व गर्न सफल संस्था ।
सदस्य मैत्री बचत र ऋण सेवा सहितको संस्था ।
व्यवसायिक कार्यक्रम संचालन गरेको संस्था ।
कृषि पेशालाई प्रात्साहन गर्ने संस्था ।
सदस्यहरुको कृषि उत्पादनको उचित मुल्यमा आकर्षक बजारीकरण गर्ने संस्था ।
त्यसैले आजै संस्थामा जुटौं, **"बचत गरौं समृद्ध वनौं"**

**जनज्योति कृषि सहकारी संस्था लि.**
**राजविराज ९ मलेठ, सप्तरी**
**सम्पर्क नं. ०३१-५९०६०१, ०३१५९०६०२, www.janajyoticoop.com.np**

# बजेटमा सिँचाइ : हरेक वर्ष उही कार्यक्रम, कार्यान्वयन क्षमता कमजोर

**रमेश लम्साल**

काठमाडौँ, १९ जेठ (रासस)।

चालु आर्थिक वर्षको तुलनामा आगामी आवको बजेटमा जलस्रोत तथा सिँचाइतर्फको बजेट सामान्य वृद्धि भए पनि निर्माणाधीन आयोजनाहरूको अवस्था भने अपेक्षितरूपमा प्रगति हुनसकेको छैन ।

सरकारले जलस्रोत र सिँचाइ र नदी नियन्त्रणका लागि चालु आवमा रु ३१ अर्ब ८६ करोड बजेट विनियोजन गरेको थियो भने आगामी आवका लागि रु ३३ अर्ब ५० करोड बराबरको बजेट उपलब्ध गराएको छ ।

ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय मातहत रहने गरी छवटा राष्ट्रिय गौरवका आयोजना छन् । केही आयोजनाको निर्माण सुरु भएको दशक पूरा भए पनि सम्पन्न हुनसकेका छैनन् । प्राविधिक जनशक्तिको अभाव, सरकारको प्रभावकारी अनुमगनको अभाव, निर्माण व्यवसायीको लापर्वाही तथा निर्माण सामग्रीको सहज उपलब्धता नभएकाले ती आयोजनाले दिने अपेक्षित लाभ हासिल गर्न अझै केही समय कुनुपर्ने अवस्था छ ।

खाद्यान्नको आयात बढ्दो क्रममा रहेको सन्दर्भमा त्यसलाई रोक्न पनि निर्माणाधीन सिँचाइ आयोजनालाई सबै स्रोत र साधन उपलब्ध गराएर सम्पन्न गराउनैपर्ने आवश्यकता छ । लामो समयदेखि निर्माणाधीन सिक्टा सिँचाइ आयोजनाअन्तर्गत सिधनिया र पिडारी शाखा नहर विस्तार गरी थप ७०० हेक्टरमा सिँचाइ सुविधा पुऱ्याइएको छ । यस्तै सोलार र विद्युतीय ऊर्जा प्रयोग गरी पश्चिम मूल नहरबाट थप जमिनमा सिँचाइका लागि विस्तृत सर्वेक्षण कार्य भइरहेको छ ।

चालु आवको बजेटमा उल्लेखित नीति तथा कार्यक्रममार्फत सरकारले उक्त आयोजनाअन्तर्गत पश्चिम मूल नहरबाट थप दुई हजार हेक्टरमा सिँचाइ सुविधा पुऱ्याई आयोजनाको पूर्वी खण्डमध्ये थप २० किलोमिटर मूल नहर र १२ किलोमिटर शाखा नहर सम्पन्न गरी पाँच हजार हेक्टरमा सिँचाइ गर्ने योजना राखेको थियो । उक्त आयोजना आगामी दुई वर्षमा सक्ने लक्ष्य राखिएको छ । सिक्टाका लागि रु एक अर्ब ५६ करोड बजेट विनियोजन भएको थियो ।

सो आयोजनाको पश्चिम मूल नहरको मर्मत र सञ्चालनलाई निरन्तरता दिनुका साथै पूर्वी मूल नहरको २६ किलोमिटर र त्यसका शाखा नहरहरू निर्माण सम्पन्न गर्ने गरी आगामी आवको बजेटमा व्यवस्था गरिएको छ । रानी जमरा कुलरिया सिँचाइ आयोजनाको लागि रु दुई अर्ब ९० करोड र सिक्टा सिँचाइ आयोजनाका लागि रु एक अर्ब ८८ करोड विनियोजन गरिएको छ । चालु आवको तुलनामा आगामी आवमा सामान्यमात्रै बजेट थप भएको छ ।

यस्तै रानी-जमरा-कुलरिया सिँचाइ आयोजना पहिलो चरणमा मूल नहरको नौ किलोमिटर नहर निर्माण गरी थप तीन हजार हेक्टरमा सिँचाइ पुऱ्याउने तथा लम्की एक्स्टेन्सनको कन्द्रा खोलासम्म १५ किलोमिटर शाखा नहर निर्माण गरिने सरकारको योजना थियो । यस्तै आगामी तीन वर्षमा आयोजना सम्पन्न गरी २० हजार ३०० हेक्टरमा सिँचाइ पुऱ्याउने र त्यहाँबाट चार दशमलव सात मेगावाट विद्युत् उत्पादन गर्ने लक्ष्य राखिएको थियो । त्यसमध्ये गएको चैत मसान्तसम्ममा मूल नहरको सम्पूर्ण कार्य सम्पन्न भई एक्स्टेन्सनको कन्द्रा खोलासम्मको १५ किलोमिटर मूल तथा लम्की नहरको पाँच शाखा नहरको निर्माणका लागि वातावरणीय प्रभाव मूल्याङ्कनकार्य मात्रै सम्पन्न भएको छ ।

महाकाली सिँचाइ आयोजनाको मूल नहरको निर्माणकार्य ७० प्रतिशत सम्पन्न भएको तथा डिसिल्टिङ बेसन एवं हेड रेगुलेटर निर्माण कार्यको खरिद सम्झौता भई निर्माण कार्य सुरु भएको छ । ब्रम्हदेव, मुसेपानी, तथा झलारी क्षेत्रको २२ शाखा नहरको निर्माण कार्यको सर्भे डिजाइन, लागत अनुमान तयार पार्नेकार्य तथा शाखा नहरको निर्माणका लागि जग्गा अधिग्रहण गर्न विवरण सङ्कलन कार्य जारी छ । सो आयोजनाको तेस्रो चरणअन्तर्गत १० किलोमिटर मूल नहर निर्माण र बह्म्देव मण्डी क्षेत्रमा शाखा नहर निर्माण गरी दुई हजार ९०० हेक्टरमा सिँचाइ सुविधा उपलब्ध गराउने उद्देश्यका साथ चालु आवमा रु एक अर्ब २५ करोड बजेट उपलब्ध थियो ।

आगामी आवका लागि महाकाली सिँचाइ आयोजनाको तेस्रो चरणको मूल नहर विस्तारको कार्यमा तीव्रता दिने विषयलाई नै दोहोऱ्याइएको छ । चालु आव र आगामी आवका लागि उस्तै र एउटै शीर्षकमा बजेट विनियोजन गरिएको छ । सो कार्यको लागि रु एक अर्ब ५२ करोड बजेट उपलब्ध छ ।

भेरी बबई सिँचाइ आयोजनाको सुरुङ निर्माण सम्पन्न भएको दुई वर्ष पूरा भए पनि हालसम्म बाँध तथा विद्युत्‌गृह निर्माणको काम सम्पन्न हुनसकेको छैन । सो आयोजनको बाँध क्षेत्रको सिभिल वर्क्सको ३८ प्रतिशत कार्य सम्पन्न भएको छ । विद्युत्‌गृह निर्माणस्थलमा एक्सक्याभेसनकार्यका साथै स्लोप व्यवस्थापनकार्य भइरहेको छ । उक्त आयोजनाअन्तर्गत हेडबक्स निर्माण गरी आगामी आर्थिक वर्षमा सम्पन्न गरिने र आगामी दुई वर्षभित्रमा बाँके र बर्दियाका थप १५ हजार हेक्टरमा सिँचाइ विस्तार गर्ने योजना सरकारको छ । त्यसबाट ४८ मेगावाट विद्युत् उत्पादन हुनेछ । चालु आवमा भेरी बबई पथान्तरण बहुउद्देश्यीय आयोजनाको बाँध निर्माण सम्पन्न गर्ने कार्यक्रम बजेटमा समावेश थियो ।

आगामी आवमा पनि अन्तर जलाधार जल स्थानान्तरण आयोजना प्राथमिकताका साथ कार्यान्वयन गर्दै जाने उल्लेख गरिएको छ । भेरी-बबई डाइभर्सन बहुउद्देश्यीय आयोजनाबाट पानी डाइभर्सन गरी बर्दिया र बाँके जिल्लाको ५१ हजार हेक्टर जमिनमा वर्षैभरि सिँचाइ सेवा प्रवाह गर्न बाँध तथा पावरहाउसको निर्माणकार्य द्रुतगतिमा गर्ने उल्लेख छ । सोका लागि रु दुई अर्ब २७ करोड बराबरको बजेट उपलब्ध गराइएको छ ।

बबई सिँचाइ आयोजनाको पश्चिम खण्डको बाँकी आठ किलोमिटर नहर निर्माण सम्पन्न गर्ने योजना राखेको थियो । जसअनुसार ठेक्का लागेको आठ किलोमिटर मूल नहर निर्माणकार्य सम्पन्न भएको छ । सो कार्यका लागि रु एक अर्ब ४४ करोड बजेट उपलब्ध गराइएको थियो ।

सिँचाइतर्फको नदी पथान्तरण आयोजनाकै रूपमा रहेको 'सुनकोसी मरिन डाइभर्सन'को रामेछाप जिल्लाको डुबान क्षेत्रमा पर्ने जग्गाको मुआब्जा वितरणकार्य सुरु भएको छ । हेडवर्क्स, पावरहाउसको विस्तृत इञ्जीनियरिङ डिजाइनकार्य सम्पन्न भएको छ । त्यस्तै २० मिटरको स्टार्टर टनेल निर्माण गरिएको छ ।

सरकारले तराई-मधेस क्षेत्रका एक लाख २२ हजार हेक्टरमा कृषियोग्य भूमिमा सिँचाइ उपलब्ध गराई प्रादेशिक आर्थिक रुपान्तरणको आधार तयार पार्न सुनकोसी-मरिन बहुउद्देश्यीय नदी पथान्तरण आयोजना टनेल निर्माणकार्यलाई तीव्रता दिने लक्ष्य सरकारको छ । उक्त आयोजनाको सुरुङ निर्माणको काम सुरु गर्ने लक्ष्य राखिएको भए पनि टनेल बोरिङ मेसिन ( टिबिएम) आउने क्रममा छ । सो आयोजनाका लागि लागि चालु आवमा रु दुई अर्ब ४६ करोड बजेट उपलब्ध थियो । आगामी आवका लागि सो आयोजनाले रु दुई अर्ब ७० करोड उपलब्ध गराइएको छ ।

कृषियोग्य जमिनमा नदी पथान्तरण, नहर, लिफ्ट कुलो तथा भूमिगत सिँचाइ प्रणालीको माध्यमबाट सिँचाइ सुविधा कृषि उत्पादन र उत्पादकत्व वृद्धि गर्ने र निर्माणाधीन आयोजना समयमै सम्पन्न गर्ने, आगामी वर्ष २९ हजार ४०० हेक्टर कृषियोग्य जमिनमा सिँचाइ सुविधा विस्तार गर्ने कार्यक्रम समावेश थिए । त्यसमध्ये केही आयोजनाको काममा प्रगति भएको भए पनि अपेक्षित नतिजा हासिल हुनसकेको छैन ।

नदी पथान्तरण गरी खानेपानी, बिजुली, सिँचाइका झापादेखि कञ्चनपुरसम्मका तराईका भू-भागमा सिँचाइ सुविधा विस्तार गर्ने कार्यक्रम विगत पाँच वर्षदेखि लगातार नीति तथा कार्यक्रम र बजेटमा समावेश गरिएका छन् । तमोर-चिस्याङ र कालीगण्डकी तिनाउ नदी पथान्तरण आयोजनामा गण्डकी प्रदेश र लुम्बिनी प्रदेशबीच विवाद देखिएको छ । दाङ, माडी र पश्चिम सेती कैलाली नदीको डिपिआर तयार पार्ने योजना पनि लगातार समावेश छन् ।

तराई-मधेश सिँचाइ विकास कार्यक्रमअन्तर्गत झापा, सप्तरी, उदयपुर, चितवन, नवलपरासी, दाङ, बर्दियालगायत २५ जिल्लामा २० हजार हेक्टर जमिनमा पाँच हजार स्यालो टच्युबवेल र २०० डिप टच्युबबेल लडान गर्ने कार्यक्रम पनि नियमित नै छन् । चालु आवका लागि रु दुई अर्ब ३४ करोड उपलब्ध गराइएको थियो ।

कृषियोग्य भूमिमा बाह्रै महिना सिँचाइ सुविधा उपलब्ध गराई कृषि क्षेत्रको उत्पादकत्व बढाउने, उपयुक्त प्रविधिमार्फत थप कृषियोग्य भूमिमा सिँचाइ सुविधा विस्तार गर्ने, सम्पन्न भएका सिँचाइ प्रणालीको व्यवस्थित सञ्चालन र मर्मतसम्भार गर्ने व्यवस्था हरेक वर्षको बजेटमा समावेश हुन्छन् ।

विद्युत् कम उपयोग हुने समयमा विद्युत् प्रयोग गरी लिफ्ट प्रणालीबाट गरिने सिँचाइलाई प्रोत्साहन गर्न विद्युत् महसुलमा छुट दिने व्यवस्था बजेटमा नै गरिएको थियो । ऊर्जा मन्त्रालयले सिँचाइमा प्रयोग हुने बिजुलीको महसुलमा ५० प्रतिशत छुट दिने व्यवस्था गरेको छ ।

आगामी आवको बजेटमा कृषियोग्य जमिनमा थप सिँचाइ सुविधा विस्तारका लागि सम्भाव्यता अध्ययन गर्न आवश्यक रकम विनियोजन गरिएको छ । त्यस्तै अध्ययन सम्पन्न भएको नौमुरे-राप्ती-कपिलवस्तु डाइभर्सन बहुउद्देश्यीय आयोजनाको निर्माणकार्य अघि बढाउने योजना पनि आगामी आवको बजेटमा समावेश छ ।

दाङ जिल्लाको देउखुरी उपत्यकामा प्रगन्ना तथा बड्कापथ सिँचाइ आयोजनाको मूल नहर विस्तारको कार्यलाई निरन्तरता दिने, बृहत् दाङ उपत्यका सिँचाइ आयोजनाको सिँचाइ प्रणाली पुनःनिर्माण गर्ने योजना छ ।

'नदी किनाराका गरा सधैँ हराभरा' अभियानलाई साकार रूप दिन नदी छेउछाउका कृषियोग्य भूमिमा लिफ्ट सिँचाइका माध्यमबाट थप ६०० हेक्टर जमिनमा सिँचाइ सेवा उपलब्ध गराउने कार्यक्रम समावेश छ । करिब दुई लाख ५० हजार सिञ्चित क्षेत्र भएका सुनसरी-मोरङ, चन्द्र नहर, कोसी पम्प तथा वितरण प्रणाली, मनुष्मारा, झाँझ, बागमती, नारायणी, गण्डक, राजापुर, महाकालीजस्ता ठूला सिँचाइ प्रणालीलाई पूर्ण क्षमतामा सञ्चालन गर्न मर्मतसम्भार तथा पुनःस्थापनाका लागि आगामी आवमा बजेट उपलब्ध भएको छ ।

राष्ट्रिय गौरवका सिँचाइ आयोजना र ठूला नहरबाट किसानले आफ्नो जग्गासम्म सिँचाइ सुविधा विस्तारका लागि शाखा नहर निर्माण गर्न चाहेमा लागत शोधभर्ना विधिमा रकम उपलब्ध गराउने व्यवस्था बजेटले गरेको छ ।

त्यस्तै आगामी आर्थिक वर्ष भूमिगत सिँचाइबाट १५ हजार र सतह सिँचाइबाट छ हजार ६०० हेक्टर गरी थप २१ हजार ६०० हेक्टर जमिनमा सिँचाइ सेवा उपलब्ध गराइनेछ ।

त्यस्तै काठमाडौँ उपत्यकाको पर्यावरणीय प्रवर्द्धनका लागि शिवपुरीमा निर्मित धाप बाँधमा पानी सञ्चय सुरू गर्ने, बागमतीको सहायक नदी नागमतीमा उच्च बाँध निर्माण गरेर वर्षाको पानी सङ्कलन गर्ने जलस्रोत संरक्षण आयोजना सुरू गर्ने कार्यक्रम समावेश छ ।

*बाढी...*

गर्न पूर्व तयारीका लागि सम्बन्धीत निकायलाई घचघचाउनुका साथै विपद्‌मा परेकाको उद्धार र व्यवस्थापनका लागि संचारकर्मीले आफ्नो श्रोतसाधनले भ्याएसम्म काम गरिरहेको उनको भनाई छ ।

कार्यक्रममा रेडक्रस शाखा राजविराजका उपसभापति बैजनाथ झा, पत्रकार महासंघका उपाधयक्ष अम्बिका दाहाल, पत्रकार अवधेश झा, सुधा देव, विनय कर्ण, एमाले सप्तरीका सचिव देवनाथ यादव, काँग्रेसका शम्भुलाल देव, तिलाठी कोइलाडी गाउँपालिकाका विपद् व्यवस्थापन अधिकृत राजेश झा लगायतले पनि बाढी, आगलागि, शितलहरी लगायतका विपद्‌को सामना गर्न अपनाउनु पर्ने बिधी र गर्नु पर्ने पूर्व तयारी बारे आ-आफ्नो सुझाव दिएका थिए ।


पुरानो रोगको उपचारका लागि सम्पर्क गरौं ।
होमियोप्याथिक रिसर्च इन्स्टिच्युट
डा. सुशील मोहन दास
(बी.एच.एम.एस)
सिरहा रोड, राजविराज फोन : ०३१-५२१९६८

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics
(BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. कालीप्रसाद यादव
Dr. Kali Prasad Yadav
MBBS, MD Internal Medicine
(NAMS, Bir Hospital Kathmandu)
NMC Reg. No. : 13203
कन्सलटेन्ट फिजिसियन
मधुमेह (चिनी रोग), मुटु, दम तथा श्वासप्रश्वास, पेट तथा कलेजो, मृगौला, छाती, थाईरोइड सम्बन्धी रोग
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ
बाझपन, कमजोरी, लिकोरिया, महिनाबारी समस्याको सफल उपचार
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

# आगामी आवको बजेट : कार्यक्रम धेरै, कार्यान्वयनमा चुनौती

काठमाडौँ, १९ जेठ (रासस) ।

सांसदहरूले आर्थिक वर्ष २०७९/८० को राजस्व र व्ययको वार्षिक अनुमान (बजेट)मा निर्यात प्रवर्द्धन र कृषिका कार्यक्रम सकारात्मक भएको बताउनुभएको छ ।

सांसद दिलकुमारी थापा रावल (पार्वती)ले आगामी आवको बजेट राम्रो भएको र सबै क्षेत्रका धेरै कार्यक्रम समेटिएको बताउनुभयो । उहाँले बजेटमा रहेको उज्यालो नेपाल कार्यक्रमको प्रशंसा गर्दै विभिन्न आन्दोलनका सहिद परिवार र घाइतेका लागि प्रभावकारी कार्यक्रम ल्याउनुपर्ने सुझाव दिनुभयो ।

सांसद कलिला खातुनले कृषिलाई प्राथमिकता दिएको विषय स्वागतयोग्य भएको बताउँदै बजेटमा सपनाभन्दा पनि जनताका आवश्यकतानुसारका कार्यक्रम भएको उल्लेख गर्नुभयो । उहाँले सदनमा विचाराधीन नागरिकता विधेयक सहमतिमा शीघ्र पारित गर्नुपर्ने माग गर्दै सबै समुदायका माग समेट्न सुझावसमेत दिनुभयो ।

सांसद पद्माकुमारी अर्याललले जोखिम अर्थतन्त्रको समस्यालाई बजेटले सम्बोधन गर्न नसकेको आरोप लगाउँदै बजेटमा गफ धरै भएको र कार्यान्वयनका लागि स्रोतको सुनिश्चितता नभएको तर्क गर्नुभयो । उहाँले कृषिमा आयातलाई प्रतिस्थापन गर्न कति उत्पादन बढाउनुपर्छ भन्ने तथ्याङ्कलाई बजेटमा हेक्का नगरिएको टिप्पणी गर्नुभयो ।

सांसद जिपछिरिङ लामाले बजेट राम्रो छ तर सधैँ पूँजीगत खर्च नहुने परम्परा तोड्न प्रभावकारी कार्यक्रम ल्याउन माग गर्नुभयो । उहाँले गरिबलाई दिने सुविधाका सम्बन्धमा जिल्ला छुटचाएर नहुने भन्दै सबै जिल्लालाई समेट्न माग गर्नुभयो ।

सांसद इन्दुकुमारी शर्माले बजेटको स्वागत गर्दै देशलाई आत्मनिर्भर बनाउन कृषिलाई प्राथमिकतामा राखेको उल्लेख गर्नुभयो । उहाँले बजेटका सकारात्मक कार्यक्रमबारे उल्लेख गर्दै कार्यान्वयनमा सरकारको ध्यानाकर्षण गराउनुभयो । उहाँले नागरिकताबाट बञ्चित नागरिकलाई अधिकार दिलाउन सहमति गरी नागरिकता विधेयक शीघ्र पारित गर्नुपर्ने बताउनुभयो ।

सांसद विनादेवी बुढाथोकीले कृषिमा रहेका कार्यक्रमले रोजगारी सिर्जना हुने भन्दै बजेटको प्रशंसा गर्नुभयो । साथै उहाँले सेनेटरी प्याडमा ९० प्रतिशत कर छुटसँगै यसको कच्चा पदार्थमा दिने सुविधा उल्लेख गरी स्वदेशमै उत्पादन बढाउन सकिने बताउनुभयो ।

सांसद गोकुलप्रसाद बाँस्कोटाले बजेट कर्णप्रिय सुनिने भएको र समाजवादोन्मुख नभएर नवउदारवादलाई प्रवर्द्धन गर्ने उद्देश्य आएको जस्तो देखिएको टिप्पणी गर्नुभयो । बजेट प्रचारमुखी रहेको हवाईकल्पना गरिएका कार्यक्रम रहेको तर वास्तविकतालाई हेरी यथार्थ कार्यक्रम नभएको उहाँको आरोप छ ।

उहाँले कृषिमा रसायनिक मलको सुनिश्चिता गर्ने भनिए पनि अहिले कृषिको सिजन सुरु भए पनि त्यसको सुनिश्चिता नभएको बताउनुभयो । चुनावलाई प्रभावित गर्ने प्रचारमुखी बजेट भएको उहाँले आरोप लगाउनुभयो ।

सांसद पुष्पा भुसालले प्रमुख प्रतिपक्षी दलले बजेट निर्वाचनमुखी भएको टिप्पणी गरेर आफैँले चुनावका लागि प्रचार गरेको बताउनुभयो । उहाँले बजेटमा धेरै राम्रा कार्यक्रम भएको बताउँदै कार्यान्वयनमा ध्यान दिन सुझाव दिनुभयो ।

कृषिको औद्योगिकिकरण नगरी मुलुक आत्मनिर्भर हुन नसक्ने भन्दै उहाँले युवालाई कृषिमा आकर्षित हुने कार्यक्रम सकारात्मक रहेको बताउनुभयो । उहाँले उद्योगलाई प्राथमिकतामा राखेका कार्यक्रम पनि प्रशंसायोग्य भएको बताउँदै यसले बेरोजगारी समस्या हल गर्ने बताउनुभयो ।

सांसद दुर्गाकुमारी विश्वकर्माले बजेटका कुनै कार्यक्रमलाई कुनै पार्टीले आफ्नो ब्राण्ड भन्नु उपयुक्त नहुने धारणा व्यक्त गर्दै उहाँले बजेट सबैको साझा हुने र कार्यान्वयनमा पनि सबैको सहयोग तथा समन्वय आवश्यक रहनेमा जोड दिनुभयो ।

सांसद वसन्तकुमार नेम्वाङले सडकको अवस्था जीर्ण भएको उल्लेख गर्दै उहाँले सबै सडक सञ्चालन गरी यातायातमा सहजता मिलाउन सरकारको ध्यानाकर्षण गराउनुभयो । उहाँले अघिल्लो सरकारले यसअघि रेल र पानीजहाज बनाउने काम अघि बढाउँदा खिसीटचुरी गरिएको र अहिले त्यही रेलको उद्घाटन गरिएको तर्क गर्नुभयो ।

सांसद महेन्द्रकुमार लिम्बूले धरातलीय यथार्थलाई आत्मसाथ गरी बजेटका कार्यक्रम आएको बताउँदै विदेशबाट नेपाल आउँदा साथमा एक थान मोबाइल ल्याउँदा भन्सारमा छुट दिने व्यस्था गर्न माग गर्नुभयो । उहाँले यसअघिको सरकारका पालामा सुकुम्बासीलाई फाराम भराए पनि लालपुर्जा पाउन नसकेकाप्रति ध्यानाकर्षण गराउनुभयो ।

सांसद निरुदेवी पालले स्थानीय निर्वाचनमा कतिपय स्थानमा गठबन्धनका कारण संविधानले व्यवस्था गरेको महिलाको प्रतिनिधित्व कम भएको बताउँदै कृषि आधुनिकीकरणका लागि उपकरणमा उचित लगानी र शिक्षा गुणस्तरीयतामा लगानी नरहेको टिप्पणी गर्नुभयो । उहाँले तथ्यमा टेकेरभन्दा बजेट हावादारी भएको आरोप लगाउनुभयो ।

सांसद हीरा गुरुङले यो बजेट अघिल्लो बजेटको जस्तो धेरै महत्वाकाङ्क्षी नभएर वास्तविकतामा आधारित तथा कृषिलाई प्राथमिकतामा राखेको र आयातलाई निरुत्साहित गर्ने खालको भएको बताउनुभयो । उहाँले बजेटमा सहिद परिवार र घाइतेलाई राहतका थप कार्यक्रम समावेश गर्नसमेत सुझाव दिनुभयो । उहाँले स्वाधीन र समुन्नत अर्थतन्त्र निर्माणका लागि बजेटमा प्रशस्त कार्यक्रम रहेको भन्दै कार्यान्वयनमा जोड दिन आग्रह गर्नुभयो ।

# प्रदेशलाई समृद्ध बनाउने कार्यक्रम र बजेट ल्याउँछौँ : मुख्यमन्त्री राउत

जनकपुर, १९ जेठ (रासस) ।

मधेस प्रदेशका मुख्यमन्त्री लालबाबु राउतले प्रदेशलाई समृद्ध बनाउने गरी आगामी आर्थिक वर्ष २०७९/८० को नीति तथा कार्यक्रम र बजेट ल्याउने बताउनुभएको छ ।

बिहीबारदेखि सुरु भएको मधेस प्रदेशसभाको नवौँ अधिवेशनमा उहाँले चार वर्षको अनुभवलाई प्रयोग गरेर प्रदेशलाई समृद्ध बनाउने ठोस योजनासहितको आगामी वर्षको नीति तथा कार्यक्रम र बजेट ल्याइने बताउनुभयो ।

मुख्यमन्त्री राउतले भन्नुभयो, “यो अधिवेशन प्रदेशसभाको अन्तिम अधिवेशन, यो सरकारको पनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम र बजेट अन्तिम नै हो, त्यसैले हामी नीति तथा कार्यक्रममा सबै पक्षको भावनालाई समेट्ने छौँ, प्रदेशका जनताको चाहना र समयसापेक्षअनुसारको नीति तथा कार्यक्रम र बजेट ल्याउने छौँ ।”

ऐन, कानुन निर्माण, प्रदेशको नामकरण र राजधानी टुङ्गो लगाउन सबै दलका प्रदेशसभा सदस्यले सहयोग गरेकाले धन्यवाद ज्ञापन गर्दै उहाँले प्रदेश सरकारबाट प्रदेशसभामा प्रस्तुत हुने आगामी वर्षको नीति तथा कार्यक्रम र बजेटलाई आवश्यक सुझाव, सल्लाहसहित पारित गर्न आग्रह गर्नुभयो ।

प्रदेशसभाको बैठकमा प्रमुख प्रतिपक्षी दल लोकतान्त्रिक समाजवादी पार्टीका संसदीय दलका नेता जितेन्द्र सोनलले मधेशी जनताको जीवनमा आमूल परिवर्तन हुने गरी नीति तथा कार्यक्रम र बजेट ल्याउन आग्रह गर्दै सबै दलसँग सल्लाह गरेर नीति तथा कार्यक्रम र बजेट ल्याउन सुझाव दिनुभयो ।

उहाँले प्रदेश सरकारले यही जेठ २२ गते ल्याउन लागेको नीति तथा कार्यक्रमका विषयमा आफूहरूसँग कुनै सरसल्लाह नभएको प्रति असन्तुष्टि व्यक्त गर्दै एकलौटी ढङ्गबाट नीति तथा कार्यक्रम ल्याइए विरोध जनाउने बताउनुभयो ।

मधेस प्रदेशको आर्थिक समृद्धिसँग जोडिएको निजगढ अन्तर्राष्ट्रिय विमानस्थल निर्माणको काम तत्काल अघि बढाउन आग्रह गर्दै उहाँले प्रदेश सरकारले विशेष सङ्कल्प प्रस्ताव ल्याएर भए पनि विमानस्थल निर्माण गर्नुपर्नेमा जोड दिनुभयो ।

बिहीबारको बैठकमा उद्योग, वन तथा पर्यटनमन्त्री शत्रुधन महतो, प्रदेशसभा सदस्य सत्यनारायण मण्डल, शिवचन्द्र चौधरी, दिलीप साहलगायतले जनतालाई राहत र नयाँ सकारात्मक सन्देश दिने गरी नीति तथा कार्यक्रम र बजेट ल्याउनुपर्ने बताउनुभयो ।

जारी बैठकमा प्रदेशसभाका सदस्यहरूले आ-आफ्ना धारणा राखिरहनुभएको छ । बैठकको शुभारम्भमै सभामुख सरोजकुमार यादवले नवौँ अधिवेशन आह्वानसम्बन्धी पत्र बाचन गरेर सुनाउनुभएको थियो ।

## विश्व समाचार

### अमेरिकामा फेरि अर्को गोलीकाण्ड, तीनको मृत्यु

ह्युस्टन, १९ जेठ (रासस/सिन्ह्वा) ।

अमेरिकाको ओक्लाहमाको एक अस्पताल परिसरमा फेरि अर्को गोलीकाण्ड हुँदा तीन जनाको मृत्यु भएको छ ।

बुधबार ओक्लाहमाको एक अस्पताल परिसरमा गोली प्रहार भएको थियो । एक व्यक्तिले अन्धाधुन्ध गोली प्रहार गरेका थिए ।

सो गोली प्रहारमा परी तीन व्यक्तिको ज्यान गएको त्यहाँका अधिकारीले जनाएका छन् । सो अस्पतालको नातालि मेडिकल भवनमा निजले गोली चलाएको थियो ।

सेन्ट फ्रान्सिस् अस्पताल क्याम्पसमा बुधबार गोली चलेको तुल्सा प्रहरी विभागले जनाएको छ । सो विभागका अनुसार गोली चलाउने व्यक्तिको पनि ज्यान गएको छ ।

केही दिन अघिमात्र पनि अमेरिकाको टेक्सास राज्यको एक प्राथमिक विद्यालयमा भएको गोलीकाण्डमा परेर २१ ज्नाको ज्यान गएको थियो ।

### रुस युक्रेन द्वन्द्वका कारण खाद्यान्न अभाव

संयुक्त राष्ट्रसङ्घ, १९ जेठ (रासस/सिन्ह्वा) ।

रुस र युक्रेनका बीचमा जारी रहेको द्वन्द्वका कारण विश्वमा नै खाद्यान्न अभावको समस्या उत्पन्न हुनसक्ने संयुक्त राष्ट्रसङ्घले चेतावनी दिएको छ ।

संयुक्त राष्ट्रसङ्घले केही समयदेखि नै विश्वमा खाद्यान्नको अभाव रहेको भन्दै अहिले रुस र युक्रेनको द्वन्द्वले गर्दा यो समस्या झन् बढ्न सक्ने जनाएको हो ।

द्वन्द्वका कारण सो क्षेत्रमा र त्यहाँ मात्र नभएर खाद्य असुरक्षाको अवस्था विभिन्न देश हुँदै संसारभर फैलिन पनि सक्ने चेतावनी संयुक्त राष्ट्रसङ्घले दिएको हो । संयुक्त राष्ट्रसङ्घका महासचिव एन्टोनियो गुटर्रेसले बुधबार स्टकहोल्ममा सो कुरा बताउनुभएको थियो ।

महासचिव गुटर्रेसले बुधबार नै स्वीडेनका प्रधानमन्त्री माग्दालेना एन्डर्सनसँग भेटवार्ता गर्नुभएको थियो । त्यस भेटका क्रममा उहाँले विश्वमा बढ्दो खाद्य असुरक्षाका बारेमा कुराकानी पनि गर्नुभएको बताइएको थियो । त्यसक्रममा उहाँले रुस युक्रेन द्वन्द्वका साथै महामारीपछिको युरोपका बारेमा कुराकानी पनि गर्नुभएको बताइएको छ ।

### कोभिड सङ्क्रमितलाई फोक्सोमा रगत जम्ने समस्या : अध्ययन

पेरिस, १९ जेठ (रासस/सिन्ह्वा) ।

कोभिडको सङ्क्रमण भएका मानिसमा फोक्सोमा रगत जम्ने समस्या उत्पन्न हुनसक्ने एक अध्ययनले देखिएको छ ।

हालै गरिएको सो अध्ययनमा कोभिड भएर निको भएका मानिसमा यस्तो समस्या उत्पन्न भएको पाइएको छ । कोभिडको सङ्क्रमण नभएका मानिसभन्दा भएका मानिसमा यस्तो समस्या दोब्बर देखिएको अध्ययनमा पाइएको हो ।

युएस सेन्टरस् फर डिजीज कन्ट्रोल एण्ड प्रिभेन्सनको अध्ययनबाट सो पाइएको बताइएको छ । सन् २०२० को मार्चदेखि सन् २०२१ को नोभेम्बरसम्म कोभिड सङ्क्रमणमा परेका करिब तीन लाख ५० हजार मानिसमा सो अनुसन्धान गरिएको सो सेन्टरले जनाएको एएफपी समाचार समितिले गतहप्ता जनाएको छ ।

### महामारीबाट किशोरीहरू बढी प्रभावित: सर्वेक्षण

सिड्नी, १९ जेठ (रासस/सिन्ह्वा) ।

अस्ट्रेलियाका किशोरहरूलाईभन्दा किशोरीहरूलाई कोभिड-१९ ले बढी हानिकारक प्रभाव पारेको एक अध्ययनले देखाएको छ ।

युनिभर्सिटी अफ सिड्नीका अन्वेषकहरूले न्यू साउथ वेल्स, क्वीन्सल्याण्ड र वेस्टर्न अस्ट्रेलिया राज्यका करिब १,००० किशोर किशोरीहरूको आहारविहार, शारीरिक क्रियाकलाप, मदिरा र सुर्तिजन्य वस्तुको प्रयोग, मनोरञ्जनात्मक समय, निद्राको ढाँचामा आधारित भएर गरेको सर्वेक्षणमा महामारीबाट किशोरीहरू बढी प्रभावित भएका देखिएको हो ।

दुई वर्षको अध्ययनले २४ प्रतिशत किशोरीहरू महामारीको समयमा कम निद्राबाट पीडित भएका तथा किशोरहरूको तुलनामा उनीहरूको मदिरा सेवनमा पनि वृद्धि भएको देखाएको छ । मानसिक स्वास्थ्य विशेषज्ञ एवम् सर्वेक्षणका प्रमुख लेखक लरेन गार्डनरले सर्वेक्षणका परिणाम विगत दशकमा देखा परेका प्रवृत्तिहरूसँग मिल्दाजुल्दा रहेका तर महामारीको तनावले स्थितिलाई अझ बढाएको बताएका छन् ।

“विशेषगरी किशोरहरूमा किशोरावस्थामा मदिरा र सुर्तीजन्य पदार्थको प्रयोगमा वृद्धि हुने अपेक्षा गरिएको थियो तर मदिरा प्रयोगको दर अपेक्षाकृत कम पाइयो, बन्दाबन्दीका बेला किशोरकिशोरीहरूले मनोरञ्जनका निम्ति डिजिटल उपकरणहरूको अत्यधिक प्रयोग गरेका थिए भने पत्रु खाना पनि कम खाएका थिए ।” सर्वेक्षण नतिजा सुनाउँदै उनले भनेका छन् ।

डा. आदर्श कुमार सिंह
Dr. Adarsh Kumar Singh
MBBS, MD TU
NMC Reg. No. : 9413
कन्सलटेन्ट फिजिसियन
मधुमेह (चिनी रोग), मुटु, दम एवम् श्वास प्रश्वास, पेट तथा कलेजो रोग मृगौला, छाती, थाइराइड सम्बन्धि रोग

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
वरिष्ठ नवजात शिशु तथा बालरोग

सम्पर्क : जयश्री कृष्ण फार्मेशी
गजेन्द्र नारायण सिंह अस्पताल (दक्षिण गेट), हनुमाननगर रोड, राजविराज, सप्तरी
Phone : 031-533774 / Mo. No : 9819721526, 9852820734

# प्रहरी उपरिक्षक सम्मानित

**दैनिक समाचारदाता**
**राजविराज, १९ जेठ ।**



स्थानिय तह निर्वाचन २०७९ लाई स्वच्छ, मर्यादित र भयरहित वातावरणमा सम्पन्न गराएको भन्दै जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रहरी उपरिक्षक अविनारायण काफ्ले सम्मानित भएका छन् ।

नेपाल सरकारको मार्गनिर्देशन तथा जिल्ला सुरक्षा समितिबाट स्वीकृत भएको रणनीतीक सुरक्षा योजना बमोजिम प्रभावकारी ढंगले निर्वाचन सम्पन्न गर्न खेलेको भुमिकाको उच्च मूल्यांकन गर्दै उनी सम्मानित भएका हुन् ।

मुख्य निर्वाचन अधिकृतको कार्यालय राजविराज सप्तरीका मुख्य निर्वाचन अधिकृत चन्द्रमणी ज्ञवाली र जिल्ला प्रशासन कार्यालय सप्तरीका प्रमुख जिल्ला अधिकारी जनार्दन गौतमबाट उनी सम्मानित भए ।

# इनारभित्र शव फेला

**दैनिक समाचारदाता**
**सिरहा, १९ जेठ ।**

सिरहाको गोलबजार नगरपालिका २ टुर्किया निवासी ज्ञानचन्द्र भनिने विष्णुदेव साहको शव बिहीबार बिहान इनारभित्र फेला परेको छ ।

श्रीमतीलाई औषधि लिन जाने क्रममा बुधबार साँझबाट हराएका ४८ वर्षीय साहको शव बिहीबार बिहान गाउँ नजिकैको इनारभित्र फेला परेको हो ।

शव इनारभित्रबाट बाहिर निकाल्ने प्रयास भइरहेको जिल्ला प्रहरी कार्यालय सिरहाका प्रवक्ता प्रहरी नायब उपरीक्षक सुभाष बुढाथोकीले जानकारी दिएका छन् ।

यता मृतकका परिवारजनले हत्या गरी इनारमा फालिएको दाबी गर्दै दोषीमाथि कार्बाहीको माग गर्दै घटनाबारे थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

# पेट्रोल, डिजेल र मट्टितेलको मूल्य प्रतिलिटर १० रुपैयाँले घट्यो

काठमाडौं, १९ जेठ (रासस) ।

नेपाल आयल निगमले पेट्रोलियम पदार्थको मूल्य घटाएको छ । निगमले बिहीबार राति १२ बजेदेखि लागू हुने गरी पेट्रोल, डिजेल र मट्टितेलको खुद्रा बिक्री मूल्यमा प्रतिलिटर रु १० घटाएको हो । मूल्य घटेसँगै पेट्रोलको खुद्रा बिक्री मूल्य प्रतिलिटर रु १७०, डिजेल र मट्टितेलको खुद्रा बिक्री मूल्य प्रतिलिटर रु १५३ कायम भएको छ ।

पेट्रोलियम पदार्थको मूल्यवृद्धिबाट जनजीवन प्रभावित भएको भन्दै सरकारले तत्कालका लागि पूर्वाधार कर बराबरको रकम पेट्रोलियम पदार्थको खुद्रा मूल्यमा समायोजन गर्न निगमलाई निर्देशन दिएको थियो ।

खाना पकाउने एलपी ग्यास र हवाई इन्धन (आन्तरिक र अन्तर्राष्ट्रिय)को मूल्य भने यथावत राखिएको निगमले जनाएको छ । हाल एलपी ग्यासको मूल्य प्रतिसिलिण्डर रु एक हजार ८००, हवाई इन्धन (आन्तरिक)को प्रतिलिटर रु १६६ र हवाई इन्धन (अन्तर्राष्ट्रिय) को मूल्य प्रतिलिटर एक रुपैयाँ ५४ पैसा अमेरिकी डलर छ ।


## मत्स्य कृषकहरुका लागि जानकारी

**पोखरीको तयारी**

पोखरी सुकाउने वा पानी सुकाउन नसके वा पानीको स्रोत नभएको पोखरी भए त्यसमा पुराना र जँगली माछाहरु जाल तानेर निर्मूल पार्ने वा एमोनियम सल्फेट र चुनको मिश्रण १:५ को अनुपातमा एक कठ्ठा जलाशयको लागि एमोनियम सल्फेट ३.७५ के.जी र घर पोत्ने चुना १८.७५ के.जी.मिलाएर छरेर जंगली माछा मार्ने । पोखरीको डिल र साईडमा भएका झारपात हटाउने । आवश्यकता अनुसार मर्मत सम्भार गर्ने ।

**घर पोतने चुना** :१०-१५ के. जी. चुनाप्रति कठ्ठाका दरले चारै तिर छर्ने ।

**मल:** गोवर मल १०० के. जी. प्रति कठ्ठा शुरुमा र त्यसपछि हरेक हप्तामा १५ के. जी. प्रति कठ्ठाका दरले प्रयोग गर्ने तर नयाँ पोखरीको लागि १५० देखि ३०० के.जी. पाकेको गोबर मल प्रयोग गर्ने वा १.७ के.जी.डि. ए.पी. र १ के.जी. यूरियाप्रति कठ्ठा दरले प्रत्येक १५ दिनमा प्रयोग गर्ने । उपयुक्त डोज पानीको मलिलोपनमा भर पर्छ । कम्तिमा १.५ मि. पानी राखने (प्रवेशद्धारमा जाली राखेर) ।

माछा भुरा फिगंरलिङ्गलको स्टोकिँग ५-६ दिन पछि १००० देखि १५०० गोटा प्रति कठ्ठाको दरले स्टक गरिन्छ । तर पालन प्रविधि अनुसार स्टोकिङ्ग डेन्सिटी फरक पर्न सक्छ ।

**स्टकिंग प्रतिशत**

| सि. नं. | माछाको नाम | स्टोकिङ्ग डेन्सिटी-१ प्रतिशत | स्टोकिङ्ग डेन्सिटी-२ | स्टोकिङ्ग डेन्सिटी-३ | स्टोकिङ्ग डेन्सिटी-४ |
|---|---|---|---|---|---|
| १ | कमनकार्प | २५ | २० | ४० | २० |
| २ | सिल्भर कार्प | ३५ | ४० | २५ | २० |
| ३ | बिगहेड कार्प | १० | २० | १५ | ४० |
| ४ | ग्रास कार्प | ५ | १० | १० | १० |
| ५ | रह | १५ | | | १० |
| ६ | नैनि | १० | १० | १० | |
| ७ | भाकुर | | | | |

**मछाको आहार विहार**

| माछाको नाम | आहाराको क्षेत्र | आहारा |
|---|---|---|
| भाकुर | पानीको माथिल्लो भाग देखीमध्य भाग | जुप्लाक्टन |
| रहु | पानीको मध्य भागदेखी पिंध सम्म | डेट्रिटस, दाना |
| नैनि | पानीको पिंधभागमा | सर्वाहारी दाना |
| सिल्भर कार्प | पानीको माथिल्लो भाग | फाईटोप्लांटन |
| बिगहेड कार्प | पानीको माथिल्लो भागदेखी मध्यभाग सम्म | जुप्लांक्टन |
| ग्रास कार्प | पानीको जुन सुकै भागमा | धाँस, दाना |
| कमनकार्प | पानीको पिंधभागमा | सर्वाहारी दाना |

**प्रयोग :**

पेलेट दाना माछाको शारिरीक तौलको ५ प्रतिशतको दरले दिने (शुरुमा ५ देखी १० प्रतिशत शारिरीक तौलको र ठूलो माछाको हकमा १ देखी ३ प्रतिशत शारिरीक तौलको वा ग्रास कार्प ५० ग्रामभन्दा ठूला शारिरीक तौलको २० देखी ३० प्रतिशतसम्म घाँस खान्छ, त्यही अनुपातमा घाँस हाल्ने

**वा**

**२५ प्रतिशत प्रोटिन भएको दाना बनाउनका लागि सामग्रीहरु**

१. धानको ढुटो : १५% २. गहुँको पिठो : २०% ३. मकैको पिठो : ५% ४. गहको चोकर : १४.५% ५. माछाको सिद्रा : ७%, ६. भटमास : २३.५ % ७. पिना : १५% ८. मिनरल मिक्स २%

**मत्स्य विकास केन्द्र, फत्तेपुर, सप्तरी**
मोवाईल नं. ९८५२८२०९३५



ॐ यमाय धर्मराजाय श्री चित्रगुप्तायवै नमः

जि.प्र.का.द.नं. २७२०४८
स.क.प.आ.सं. ६८१३

## श्री चित्रगुप्त सेवा समिति

मुख्य कार्यालय - राजविराज, सप्तरी (नेपाल)
(स्थापित- वि.सं. २०२४ साल/१९६८ ई.)
फोन : ०३१-५२०८००

मितिः२०७९/२/१२

**विषय:-निर्वाचन (चुनाव) कार्यक्रम सम्बन्धमें ।**

आजिवन/साधारण सदस्य श्री ..................................................
..................................................

उपर्युक्त सम्बन्धमें श्री चि.से.स.राजविराज निर्वाचन आयोग द्वारा आगामी कार्यकारणीक चयन वास्ते निम्न दिनाङ्क स्थान आ समयमें निम्नानुसारक कार्यक्रम होवाक निश्चय भेल अछि । कार्यक्रम समयमे अनिवार्य सहभागी हेवाक लेल आग्रह अनुरोध अछि ।

**कार्यक्रम**

स्थान:- श्री चित्रगुप्त मन्दिर राजविराज-२, राजदेवी टोल,सप्तरी

| मिति | क्र.सं. | विवरण | समय |
|---|---|---|---|
| २०७९।०२।२८ | १. | मतदाता नामावली प्रकाशन | दिनक १० बजे |
| " | २. | मतदाताक छुट नाम दर्ता एवं नामावलीमें संसोधन | दिनक ११ बजे सँ १ बजे धरि |
| " | ३. | मतदाताक अन्तिम नामावली प्रकाशन | दिनक २ बजे के बाद |
| २०७९।०२।२९ | ४. | उम्मेदवारक मनोनयन दर्ता | दिनक १० बजे सँ १ बजे धरि |
| " | ५. | उम्मेदवारक मनोनयन उपर छानविन | दिनक २ बजे सँ २:३० बजे धरि |
| " | ६. | उम्मेदवारक नामावली प्रकाशन | दिनक ३ बजे के बाद |
| २०७९।०२।३० | ७. | उम्मेदवारक उपर दावी विरोध | दिनक १० बजे सँ १२ बजे धरि |
| " | ८. | पून:उम्मेदवार नामावली प्रकाशन | दिनक १ बजे सँ ३ बजे धरि |
| २०७९।०२।३१ | ९. | उम्मेदवारी फिर्ता लेवाक | दिनक १० बजेसँ ३ बजे धरि |
| " | १०. | उम्मेदवारक अन्तिम नामावली प्रकाशन | दिनक ३ बजे बाद |
| २०७९।०३।०४ | ११. | मतदान.................................................. | दिनक १० बजे सँ ३ बजे धरि |
| " | १२. | मतगणना आ परिणामक घोषणा | मतदान सम्पन्न भेलाके बाद मतगणना आ परिणामक घोषणा |

नोट:- (क) २०७८ फाल्गुन धरीक सदस्यता ग्रहण एवम् नवीकरण कयल सदस्य मात्र चुनाव कार्यक्रममे सहभागी भऽसकैत अछि ।
(ख) कार्यकारणीक पदाधिकारी आ सदस्यक उम्मेदवारी लेल विधानक भाग ७ धारा ९.५ अनुसारक योग्यता पहुचवाक आवश्यक अछि।
(ग) उमेर प्रमाणित करवाक लेल उम्मेदवारी संग नागरिकता वा उमेर प्रमाणित करैवाला आधिकारिक प्रमाणक छाँयाकपी अनिवार्य अछि।
(घ) निवाचन प्रयोजनक लेल विधान एवम् निर्वाचन नियमावली अनुसार लागयवाला शुल्क फिर्ता नै होएत ।
(ङ) अन्य निर्वाचनक काम कारवाही विधान एवम् निर्वाचन नियमावली अनुसार होयत ।
(च) निर्वाचन आयोग के निर्धारित कार्यक्रम में परिवर्तन वा स्थगित सकवाक अधिकार निहित रहत ।

(नरसिंह लाल कर्ण)
प्रमुख आयुक्त
चि.स.स. सप्तरी
निर्वाचन आयोग



## पखालाबाट बचौं र बचाऔं।

**पखाला लाग्न नदिन,**

- खुलास्थानमा शौच नगरौं, शौचालयको प्रयोग गरौं।
- शौचालयको प्रयोग र फोहोर छोएपछि साबुनपानीले मिचिमिचि हात धुने गरौं।
- खाना बनाउनु खुवाउनु र खानु अघि पनि साबुनपानीले हात धुने गरौं।
- उमालेको र फिल्टर गरेको शुद्ध र सफा पानीमात्र पिउने गरौं।
- बासी, सडेगलेका र झिंगा भन्किएका खानेकुरा नखाऔं।
- खानेपानीको मुहान सफा र सुरक्षित राखौं।
- घरका कोठा, आँगन, कौशी, बरण्डा, भान्सा, शौचालय एवं वरिपरि सफा राखौं।

नेपाल सरकार
विज्ञापन बोर्ड



देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस् ।

हाम्रो सेवाहरु

**नेपाल सहकारी संस्था लि.**
राजविराज ४, फोन नं. ०३१-५३१०९६

ipay remit
CITY EXPRESS MONEY TRANSFER
Best Remit
PRABHU Money Transfer
IME International Money Express
himal remit हिमालरेमिट
CG Money


**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५२०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेवसाइट** : *rajbirajdainik.com.np*